# लोक सेवा आयोग

## नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकील समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/११

समय: ३ घण्टा | पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: समसामयिक विषय (Contemporary Issues)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

### Section – A (30 Marks)

1. सामाजिक विवाद र द्वन्द्वका प्रभावहरू पहिचान गर्दै सामाजिक विवाद र द्वन्द्व समाधानका रणनीतिहरू उल्लेख गर्नुहोस्। 4+6=10

   Identify the impacts of social dispute and conflicts and mention the strategies for resolving social disputes and conflicts.

2. नेपालको सन्दर्भमा सांस्कृतिक विविधतालाई कसरी बुझ्नुहुन्छ ? नेपाली अर्थतन्त्रका लागि सांस्कृतिक विविधताबाट के-कस्ता सकारात्मक लाभहरू हासिल हुन सक्छन् ? व्याख्या गर्नुहोस्। 4+6=10

   How do you understand the cultural diversity in the context of Nepal? What are the positive benefits from cultural diversity for Nepal's economy? Explain.

3. नेपालमा भ्रष्टाचार नियन्त्रण लागि गरिएका प्रमुख प्रयासहरूबारे चर्चा गर्नुहोस्। यी प्रयासहरूले अपेक्षित सफलता किन प्राप्त गर्न सकेनन् ? विश्लेषण गर्नुहोस्। नेपालमा भ्रष्टाचार न्यूनीकरण गर्दै तीव्र आर्थिक बृद्धि र विकासको लागि के-कस्ता सुधारहरू आवश्यक पर्छन् ? आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस्। 2+3+5=10

   Discuss the major initiatives taken by Nepal to control corruption. Analyze why have these initiatives not produced the expected results. What reforms are necessary to reduce corruption to accelerated economic growth and development of Nepal? Mention your logic.

### Section – B (20 Marks)

4. नेपालमा प्रत्यक्ष विदेशी लगानीका संभावनाका क्षेत्रहरू उल्लेख गर्नुहोस्। स्वीकृत विदेशी लगानी र वास्तविकरूपमा भित्रिएको लगानीबीच देखिएको ठूलो अन्तरका कारणहरू पहिचान गर्दै स्वीकृत विदेशी लगानीलाई पूर्णरूपमा भित्र्याउन अनुकूल वातावरण सिर्जना गर्ने सुधारको खाका तयार गर्नुहोस्। 2+3+5=10

   Mention the potential sectors for foreign direct investment in Nepal. Identify the reasons for the wide gap between approved and realized foreign investment and prepare a format for reform to create an enabling environment for the complete realization of the approved foreign investment.

5. नेपालमा वैदेशिक रोजगारीका सकरात्मक र नकारात्मक असरहरू पहिचान गर्दै वैदेशिक रोजगारीबाट नेपालको आर्थिक विकासमा कसरी टेवा दिन सकिन्छ ? व्याख्या गर्नुहोस्। 5+5=10

   Identify the positive and negative impacts of foreign employment in Nepal, and explain how foreign employment can contribute to Nepal's economic development?

## Section – C 30 Marks

6. विकास प्रक्रियामा गैर-राज्य पात्रहरूको सहभागिताबारे कारणसहित व्याख्या गर्नुहोस् । साथै गैर-राज्य पात्रबाट के-कस्ता चुनौतीहरू उत्पन्न हुन सक्छन् ? उदाहरण सहित स्पष्ट पार्नुहोस् । 5+5=10

   Explain the rationale of involving non-state actors in development process. Also, highlight the challenges that would be posed by non-state actors, with examples.

7. सङ्घीय शासन प्रणाली अनुसार तीनै तहका सरकारबीच राज्य शक्ति र जिम्मेवारीको बाँडफाँट पश्चात विशेष गरी स्थानीय स्वायत्त शासन प्रणालीको अभ्यास र उपलब्धिको समीक्षा गर्नुहोस् । 10

   Review in particular the practices and achievements of local self-governance system after dividing the state power and responsibilities into three tires of government as per the federal governance system.

8. नागरिक सहभागिताको अवधारणा स्पष्ट गर्दै नेपालमा यसको अभ्यासको प्रभावकारिताबारे मूल्याङ्कन गर्नुहोस् । देशको विकासको गति तीव्र बनाउन र नागरिक सहभागितालाई अझ बलियो र प्रभावकारी बनाउनका लागि आफ्ना सुझावहरू प्रस्तुत गर्नुहोस् । 4+6=10

   Highlight the concept of people's participation and assess whether it has been adequately practiced in Nepal. Suggest measures that could strengthen people's participation and contribute to accelerating development of the country.

## Section – D 20 Marks

9. वातावरण र विकासबीचको अन्तरसम्बन्धलाई उदाहरण सहित परिभाषित गर्नुहोस् । साथै वातावरण विनास रोक्ने प्रभावकारी उपायहरूबारे सुझाव दिनुहोस् । 5+5=10

   Define the interrelationship between the environment and development with examples. Also provide suggestions for effective measures to prevent environmental degradation.

10. नेपालमा वातावरणीय कारणले विवाद वा विरोध भएका विकास आयोजनाहरूको उदाहरण दिँदै वातावरणीय सन्तुलनको चिन्तालाई विकासभन्दा पनि बढी प्राथमिकता दिनु कति व्यवहारिक हुन्छ ? विश्लेषण गर्नुहोस् । साथै वातावरणीय संरक्षण तथा आर्थिक विकासबीच सन्तुलन कसरी कायम गर्न सकिन्छ ? सो सम्बन्धमा आफ्ना समालोचनात्मक सुझावहरू प्रस्तुत गर्नुहोस् । 5+5=10

    Giving the dilemma by citing examples of projects in Nepal that have faced opposition on environmental grounds, analyze whether prioritizing environmental concerns over potential development is practical? And also mention your critically appraise suggestions whether striking a balance between environmental protection and economic development can be achieved.

«««समाप्त»»»